# कम्पनीमा कार्यरत विदेशी नागरिकहरुको लागि सरकार द्वारा जारि अत्यन्त महत्त्वपूर्ण सूचना

नयाँ कोरोना भाइरसको कारणले गर्दा तपाइँ कार्यरत कम्पनीको व्यवसाय घटेको हुनसक्छ। तर तपाई बिदेशी कामदार भएकै कारणले, तपाइलाई जापानी कामदार भन्दा प्रतिकूल व्यवहार गर्न मिल्दैन। कृपया निम्न लिखित 1—4 का बुदाहरु ध्यान दिएर हेर्नु होस्।

1. कम्पनिले कारण देखाउदै, यदि तपाइलाई "बिदा बस्न" भन्यो भने कम्पनीले तपाइँलाई बिदा भत्ता तिर्नु पर्नेछ। यस अवस्थामा बिदेशी कामदारलाइ जापानी कामदार सरह भुक्तानी गर्न पर्नेछ।

2. तपाईंको बच्चाको स्कूल बन्द भएको कारणले कम्पनीमा बिदा लिनुपरेमा, जापानी कामदार सरह तपाईंले तलबी बिदा लिन सक्नुहुनेछ।

3. जापानी सरकारले कामदारहरूको सुरक्षाको निम्ति कम्पनीलाई अनुदान रकम दिनेहुदा यस अनुदान रकम जापानी कामदार सरह विदेशी कामदारको लागि पनि प्रयोग गर्न सकिनेछ।

4. कम्पनिले आफ्नो इच्छा अनुरुप तपाइलाई काम बाट बर्खास्त गर्न मिल्दैन। कम्पनीले विदेशी कामदारलाई बर्खास्त गर्दा, जापानी कामदार जस्तै समान नियमहरू पालना गर्नु पर्ने छ।

※यदि तपाईंलाइ कुनै समस्या छ वा जानकारी चाहिएको छ भने, तपाईंको नजिकैको स्थानीय श्रम ब्यूरो, श्रम मानक निरीक्षण कार्यालय, हेलोवर्क (रोजगारी सूचना केन्द्र), वा नागोया अन्तर्राष्ट्रिय केन्द्र (052-581-0100) मा परामर्श लिन सक्नुहुनेछ।

○ आईची श्रम ब्यूरोले नयाँ कोरोना भाइरस संक्रमण सम्बन्धमा विशेष “श्रम परामर्श सेवा” सुरु गरेको छ।
टेलिफोन: 052-972-0266 समय：９：３０～１７：００ (सोमबार～शुक्रबार)

○ श्रम मानक निरीक्षण कार्यालयमा निम्न बिषयमा परामर्स लिन सकिनेछ:

・बिदा भत्ता लिने नियम बारे

・तलबी बिदा लिने नियम बारे

・बर्खास्त नियम  बारे

・अन्य, तलब／ज्याला वा कार्य समय, कार्य अवस्था बारे

○ हेलोवर्कमा (रोजगारी सूचना केन्द्र), निम्न बिषयमा  सल्लाह लिन सकिनेछ:

・काम खोज्ने तरिका वा काम गर्ने ठाउँ चिनाइदिने

・काम छोडेको अवस्था रोजगार बिमाको लाभ प्राप्त गर्ने तरिका

**यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, नागोया अन्तर्राष्ट्रिय केन्द्रमा परामर्श लिन सक्नुहुन्छ ।**

अधिक जानकारीको लागि सरकारी वेबसाइट जाँच गर्नुहोस्।

कामदार लक्षित Q&A（प्रश्नोत्तर）पनि छ ।